# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः २०८२-८३
चलानी नम्बर

मिति : बि.सं. २०८३-०१-१६
ने.सं. ११४६ कछलाथ्व त्रयोदशी बुधबार

## सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार सार्वजनिक ऐलानी/पर्ति जग्गा र सार्वजनिक भवन तथा भौतिक पुर्वाधारको संरक्षण गर्ने कार्य स्थानीय सरकारको दाहित्व अन्तर्गत रहने कानुनी व्यवस्था रहेको छ। यस नगरपालिका भित्र रहेको सार्वजनिक जग्गामा केही व्यक्तिहरुले अतिक्रमण गरि भोगचलन गरेको भन्ने जनगुनासो समेतको आधारमा मिति २०८३ बैशाख ८ गते बसेको कार्यापालिका तथा पालुङटार नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण समितिको सोही मितिको बैठकले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्णय बमोजिम यस नगरपालिका भित्र रहेको सार्वजनिक जग्गा, नदि खोलाको वहन क्षेत्रको जग्गा, सरकारी जग्गा तथा ऐलानी/पर्ती जग्गामा अनुमति विना निर्माण गरिएको संरचनाहरु यस सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र हटाउनु/खाली गर्नु हुन अनुरोध छ। सूचनाको अवज्ञा गरी संरचना नहटाएमा प्रचलित कानुन बमोजिम नगरपालिका आफैले हटाउने र सो गर्दा लागेको खर्च सम्वन्धी व्यक्तिबाट सरकारी बाँकी सरह असुलउपर समेत गरिने व्यहोरा समेत सूचित गरिन्छ।

२०८३/१/१६

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत